# प्रेश विज्ञप्ती

भूमिकास्थान नगरपालिका वडा नं.९ मा पर्ने खन्यान भन्ने स्थानमा रहेको नगरपालिकाको महत्वपूर्ण पर्यटकीय स्थल मृगस्थली झरनाको सन्दर्भमा मिति २०८२/०४/१२ र १३ गते सामाजिक सञ्जालमा केही व्यक्तिहरुबाट जनमानसलाई दिग्भ्रमित पार्ने, अन्यौलता सिर्जना गरिदिने, व्यक्तिगत टिका टिप्पणी र लाञ्छना लगाउने दुरासयबाट अभिप्रेरित भई सामाजिक सञ्जालको दुरुपयोग गरी उठान भएको विषयले हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

विकास निर्माणका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा नियम, विधिको परिधि भित्र रही प्रकृयागत ढंगले गर्नुपर्ने र लागत मापन, गुणस्तरमा ध्यान दिनुपर्ने कुराहरु नितान्त जरुरी छन् । यस नगरपालिकाले गरेका कामकारवाहीका सन्दर्भमा जनप्रतिनिधिको हैसियत र आम नागरिकको हैसियतले नियम विपरित कामकारवाही हुनु हुँदैन भन्ने कुरा प्रति प्रतिबद्ध रही आजसम्म काम गर्दै आएको ब्यहोरा समेत सम्पूर्ण नगरबासीहरुमा जानकारी गराउन चाहान्छौ ।

बास्तविक र यथार्थ परक ढंगबाट भएको कामको अतिरञ्जित गरि अनियमितता भएको आसय झल्किने तर्क वितर्क गरी संस्थागत र व्यक्तिगत जीवनमा समेत आँच आउने भ्रामक कपोकल्पित समाचार प्रति हाम्रो ध्यानाकर्षण भएको छ । तथ्यपरक ढंगले समाचार सम्प्रेषण गरी जनमानसलाई सहि दिशातर्फ डोऱ्याउनु आम नागरिकको कर्तब्य हुनुपर्ने हो तर त्यसको ठिक विपरित जनमानसमा कपोकल्पित र भ्रामक सन्देशहरु सामाजिक सञ्जालमा पोष्ट गरी जनमानसलाई दिग्भ्रमित पार्ने, अन्यौलता सिर्जना गरिदिने, व्यक्तिगत टिका टिप्पणी र लाञ्छना लगाउने दुरासयबाट अभिप्रेरित भई सामाजिक सञ्जालको दुरुपयोग भएकोमा सिंगो नगरपालिका निकै चिन्तित भएको छ । यस नगरपालिकाको महत्वपूर्ण पर्यटकीय मृगस्थली झरनाको सन्दर्भमा सामाजिक सञ्जाल मार्फत प्रेषित भ्रामक र कपोकल्पित सन्देशबाट चिन्तित भई यस प्रेस विज्ञप्ति मार्फत सम्पूर्ण नगरबासी दाजुभाई, दिदी बहिनी लगायत हाम्रा शुभचिन्तकहरु प्रति हामी उक्त सन्देशमा उल्लेख भए बमोजिमको कुनैपनि अनैतिक र नियम विपरितको कार्य नभएको जानकारी गराउन चाहान्छौं ।

उल्लेखित बिषयका सन्दर्भमा उक्त मृगस्थली झरनाको विस्तृत विवरण यहाँहरु सबैको जानकारीका लागि समेत तपसिलमा उल्लेख गरिएको छ :-

**झरनाको नाम: मृगस्थली झरना, भूमिकास्थान-९, खन्यान ।**

**DPR बमोजिमको कुल लागत अनुमान रकम रू. ५४५१२३१६।३१ (पाँचकरोड पैतालीस लाख बाह्र हजार तीनसय सोह्र रूपैयाँ एकत्तीस पैसा मात्र ।**

**DPR बमोजिम कुल लागत अनुमान रकम रू. ५४५१२३१६।३१ बाट उक्त झरनामा गर्नुपर्ने मुख्य मुख्य कार्यहरू :**

- **टेवा पर्खाल निर्माण**
- **झरनाको शीर भागसम्म आवतजावत गर्ने पक्की सिढी निर्माण**
- **झरनाको शीर भागसम्म आवतजावत गर्ने पक्की सिढीमा स्टिल रेलिङ्ग राख्ने**
- **शौचालय निर्माण**
- **पानी जम्मा गर्ने पोखरी निर्माण**
- **चेन्जिङ्ग रूम निर्माण**
- **झरनाको शीर भागमा विभिन्न संरचना सहितको शिव मन्दिर निर्माण**
- **झरनामा प्रवेशद्वार निर्माण**
- **पानी बग्ने सतहमा क्यासकेड (स्टेप) निर्माण**
- **दायाँ बायाँ तर्फ निर्माण हुने सिढीमा आवतजावत गर्न फलामे फड्के निर्माण**
- **पानी सफा गर्ने च्याम्बर निर्माण**

**DPR बमोजिमको कुल लागत अनुमान रकम रू. ५४५१२३१६।३१ मध्ये आ.ब.२०८१/०८२ मा संघीय सशर्त तर्फ विनियोजित बजेट रू.** ९००००००।-(नब्बे लाख रुपैयाँ मात्र)

**प्राबिधिक लागत अनुमान बमोजिमको मु.अ.कर र कन्टिन्जेन्सी समेतको कुल रकम रू.**८९९९९७१।३८ (उनानब्बे लाख उनान्सय हजार नौसय एकहत्तर रुपैयाँ अड्तीस पैसा मात्र)

**लागत अनुमान बमोजिमको कन्टिन्जेन्सी बाहेकको रकम रू.**८६९४७७५।७७ (छयासी लाख चौरानब्बे हजार सातसय पचहत्तर रुपैयाँ सतहत्तर पैसा मात्र)

**ठेक्का सम्झौताको कबोल रकम मु.अ.कर समेत रू.**६१२७७६०।०९ (एकसठ्ठी लाख सत्ताईस हजार सातसय साठी रुपैया नौ पैसा मात्र)

**DPR अन्तर्गत रही आ.ब.२०८१/०८२ मा उक्त झरनामा भएको मुख्य मुख्य कार्यहरू :**

- **टेवा पर्खाल निर्माणको कार्य**
- **झरनाको पानी खस्ने भागसम्म आवतजावत गर्ने पक्की सिढी निर्माण कार्य**
- **झरनाको पानी खस्ने भागसम्म आवतजावत गर्ने पक्की सिढीमा स्टिल रेलिङ्ग राख्ने कार्य**
- **शौचालय निर्माण कार्य**
- **पानी जम्मा गर्ने पोखरी निर्माण कार्य**
- **पानी बग्ने सतहमा क्यासकेड (स्टेप) निर्माणको कार्य**
- **दायाँ बायाँ तर्फ निर्माण भएका सिढीमा आवतजावत गर्न फलामे फड्के निर्माणको कार्य**

**उक्त योजनाको कार्य सम्पन्न भई भुक्तानीका लागि निकासा माग भएको कुल रकम रू.** ६१२७७६०।०९ (एकसठ्ठी लाख सत्ताईस हजार सातसय साठी रुपैया नौ पैसा मात्र)

**२.५ प्रतिशत कन्टिन्जेन्सि कट्टा गरी कार्यालयको खातामा जम्मा भएको रकम रू.**२०७०४१।०४ (दुईलाख सातहजार एकचालीस रूपैया चास पैसा मात्र)

**प्राबिधिक मूल्याङ्कन बमोजिम भुक्तानी भएको मु.अ.कर समेतको कुल रकम रू.**५९२१८९९।२७ (उनान्साठी लाख एक्काईस हजार आठसय उनान्सय रुपैया सत्ताईस पैसा मात्र)

कुल विनियोजित बजेट रु.९००००००।- मध्ये ठेक्का सम्पन्न हुँदा भएको कुल खर्च बमोजिम निकासा प्राप्त रकम रु.६१२७७०६।०९

ठेक्का बन्दोबस्त गर्दा प्रतिष्पर्धाबाट बचत हुन आएको र कम काम हुँदा प्राबिधिक मूल्याङ्कन बमोजिम कट्टा भएको रकम गरी कुल फिर्ता भएको रकम रु.२८७२२९३।९१ - अट्ठाईस लाख बहत्तर हजार दुईसय त्रियानब्बे रुपैया एकानब्बे पैसा मात्र)

उक्त योजनाको होर्डिङ्ग बोर्डमा उल्लेख भएको **ठेक्कामा समावेश भएका मुख्य मुख्य कामहरू** भन्ने शीर्षक अन्तर्गत बुँदा नम्बर (ग) मा **१:४ ढुङ्गाको गाह्रो लगाउने कार्यमा** लागत अनुमानमा **परिमाणमा घ.मी.** उल्लेख भएको र बोर्ड लेखनमा घ.मी. उल्लेख हुनुपर्नेमा **लेखनमा त्रुटी भई के.जी. उल्लेख भएको** भएता पनि उक्त गाह्रो **घन मीटर परिमाणमा नै निर्माण कार्य भएको** हुँदा सोही बमोजिम स्पष्ट हुनुहुन समेत यसै विज्ञप्ति मार्फत सम्पूर्णमा जानकारी गराउन चाहान्छौं ।

हामी विश्वासका साथ व्यक्त गर्न चाहान्छौं कि पालिकामा भए गरेका काम कारवाहीहरुको सम्पूर्ण प्रमाण सुरक्षित छन् । हेर्न सकिन्छ, नक्कल लैजान मिल्छ, सो को आधारमा छानविन गर्न सकिन्छ र अनियमितता भएको खण्डमा कारवाही गर्न सकिन्छ त्यसका लागि सम्पूर्ण बाटाहरु खुला रहेको ब्यहोरा समेत यसै प्रेस विज्ञप्ति मार्फत सम्पूर्ण जनसमुदायमा स्पष्ट पार्न चाहान्छौं ।

अत: निर्माण भएको संरचना र त्यसको वास्तविकता तर्फ ध्यान नै नदिई सतही तरिकाले संस्था र व्यक्ति प्रति लक्षीत गरी आत्म सन्तुष्टी लिने किसिमले सामाजिक सञ्जालमा कुनैपनि भ्रामक समाचार नराख्न आम नागरिकलाई हामी आग्रह गर्न चाहान्छौं । सर्वसाधारणलाई उत्तेजित पार्ने हिसाबका कुराहरु नलेख्न, पोष्ट नगर्न, प्रतिक्रिया नदिन सम्पूर्णमा हाम्रो अनुरोध छ । बुझ्न सक्नुहुन्छ, हेर्न सक्नुहुन्छ, कार्यालयमा तथ्य प्रमाण सुरक्षित छन् हामीले जतिबेला जुनसुकै समयमा पनि यहाँहरुलाई प्रमाणहरु उपलब्ध गराउन सक्छौं । सामाजिक सञ्जालमा आएका भ्रमहरुलाई चिर्नका लागि यो प्रेश विज्ञप्ति राखिएको ब्यहोरा सम्पूर्णमा अनुरोध छ ।

**भूमिकास्थान नगरपालिका**
अर्घाखाँची